nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

28°C । वर्ष :११, अंक : २१ पृष्ठ ४ । आइतबार,२२ भदौ २०८२ । SUNDAY, SEPTEMBER 07, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## बीरगन्जमा दुई हप्ता बित्दा पनि हैजाको स्रोत पत्ता लागेन

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २१ भदौ ।***

बीरगन्जमा दुई हप्ता यताकै हैजाको संक्रमण फैलिएको छ, तर यसको स्रोत अहिलेसम्म पत्ता लाग्न सकेको छैन । पहिलो संक्रमितको पुष्टि भदौ ६ गते भएको थियो, र शुक्रबार बेलुकीसम्म १९२ जनामा हैजाको संक्रमण पुष्टि भइसकेको छ । स्वास्थ्य कार्यालय पर्सा, नेपाल खानेपानी संस्थान र बीरगन्ज महानगरपालिकाले प्रभावित क्षेत्रका डिप बोरिङ र घरका पानीका नमूना संकलन गरी परीक्षण गरिरहेका छन् । केही स्थानमा दिसाजन्य किटाणु 'इ-कोली' भेटिए पनि हैजाको कारण हुने 'भिब्रियो कोलेरा' किटाणु अहिलेसम्म भेटिएको छैन । गत बुधबारमात्रै विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) र स्वास्थ्य कार्यालय पर्साले बीरगन्जका शंकास्पद ११ स्थानबाट खानेपानीको नमूना संकलन गरी त्यसको गुणस्तर परीक्षण गरेकोमा चार ठाँउको पानीमा दिसाजन्य किटाणु 'इ-कोली' भेटिएको छ । तर ती पानीमा हैजाको संक्रमण हुने 'भिब्रियो कोलेरा' किटाणु भने फेला परेन । यस्तै भदौं १२ गते बीरगन्ज



महानगरपालिकाको टोलीले वडा नम्बर १०, ११ र १२ का गरी ७ स्थानबाट डीप बोरिङ र खानेपानी संस्थानका धाराको पानीको नमूना महानगरकै खानेपानी प्रशोधन केन्द्रको प्रयोगशालामा परीक्षण गर्दापनि त्यसमा पनि हैजाको भिब्रियो कोलेरा वा दिसाजन्य किटाणु भेटिएन । गत भदौं १४ गते बीरगन्ज आएका गृहमन्त्री रमेश लेखकले बीरगन्जमा हैजाको संक्रमण छिट्टै पत्ता लगाउने दाबी गरेका थिए । अस्पतालहरुको अनुगमनपछि सरोकारवालाहरुसंगको छलफलमा उनले भनेका थिए,'हैजाको संक्रमण फैलिनुको कारण पत्ता लगाउन सरकार लागि पर्छ ।यसको कारण नै के हो ? भनेर पत्ता लाग्न जरुरी छ । संक्रमण फैलिएको निक्कै दिन भइसक्दा पनि यसको कारण के हो ? अहिलेसम्म पत्ता लाग्न सकेको छैन ।अब हामी कारण पत्ता लगाउन पनि ध्यान दिन्छौ । त्यसका लागि सरकार लागी पर्छ ।' हालसम्म १९२ संक्रमितमध्ये १७५ जना डिस्चार्ज भइसकेका छन् र अस्पतालमा १७ जना मात्र

बाँकी तेश्रो पृष्ठमा⇨

## मधेशमा बोरिङ गाडियो तर सञ्चालन हुँदैन किसान खडेरीको मारमा

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २१ भदौ ।***

मधेश प्रदेशमा सिंचाइका लागि जडान गरिएका सयौं डिप बोरिङ वर्षौंदेखि सञ्चालनमा नआउँदा किसान खडेरीको मारमा परिरहेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले यस वर्ष ५०० डिप ट्युबेल गाडेर तत्काल सञ्चालनमा ल्याउने घोषणा गरे पनि, स्थानीय किसानले तीन दशकदेखि गाडिएका बोरिङ अझै सञ्चालनमा नरहेको बताएका छन् । बारा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पर्सा, सप्तरी र सिरहाका किसान सिंचाइ अभावमा खेतमा पानीको मोटर प्रयोग गर्न बाध्य छन् । मधेश प्रदेशमा ७६४ वटा बोरिङ रहेका छन् । ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयका तथ्यांकअनुसार ५१४ डिप बोरिङमध्ये २२१ मात्रै सञ्चालनमा छन्, जबकि २९३ प्रयोगविहीन छन् । यस्तै, कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजले जडान गरेका २५० बोरिङमध्ये



आधा भन्दा बढी प्रयोगविहीन छन् । सिंचाइमा विफलताको मुख्य कारण विद्युतीकरण, उपकरण अभाव, मर्मत-सम्भारको कमी, बजेट अभाव र सरकारी निकायबीच समन्वयको अभाव रहेको छ । एक डिप बोरिङ सञ्चालनमा ल्याउन ९७ लाखदेखि १ करोड २० लाख रुपैयाँ खर्च लाग्ने हुँदा, बजेट अभावले धेरै बोरिङ अलपत्र छन् । पावर ड्रिल बोरिङ पनि ९४० मध्ये ३६२ मात्रै सञ्चालनमा छन्, ५७८ प्रयोगविहीन छन् भने ४७६ अधुरा छन् । विशेषज्ञहरूले जडान मात्रै नगरी, नियमित मर्मत-सम्भार र नियमन आवश्यक भएको बताएका छन् । सिंचाइ मन्त्रालयका निमित्त सचिव रामकुमार खंगका अनुसार, सरकारको उदासिनता र बजेट अभावले गर्दा धेरै बोरिङ अलपत्र परेका हुन्, जसले किसानको पानी पहुँचमा समस्या सिर्जना गरेको छ ।

## प्रभु अस्पतालद्वारा प्रसौना गाउँमा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २१ भदौ ।***

कोल्भि नगरपालिका-प्रसौना गाउँमा प्रभु अस्पतालद्वारा आयोजित नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । स्थानीय स्वास्थ्य सेवाप्रतिको पहुँचलाई सहज बनाउनका लागि आयोजना गरिएको शिविरमा बिहान ७ बजेदेखि ११ बजेसम्म स्वास्थ्य परीक्षण सेवा प्रदान गरिएको थियो । रमा १७० भन्दा बढी सर्वसाधारणले आफ्नो स्वास्थ्य परीक्षण गराएका थिए । स्वास्थ्य परीक्षणका क्रममा सामान्य रक्तचाप, मधुमेह, नाडी जाँचदेखि लिएर पेटसम्बन्धी समस्या, महिलासम्बन्धी स्वास्थ्य जाँच तथा वृद्धवृद्धाको विशेष स्वास्थ्य परामर्शसमेत दिइएको थियो । शिविरमा डा. मनोज गुप्ता, डा. लक्ष्मी थापा, डा. अस्लाम अन्सारी, डा. रवि रञ्जन शाह र डा. प्रयास तिमिल्सिनाको




टोली संलग्न थियो । चिकित्सक टोलीले स्थानीयलाई नि:शुल्क औषधि वितरण गर्नुका साथै खानपान, सरसफाइ र जीवनशैलीसँग सम्बन्धित परामर्शसमेत दिएका थिए । स्वास्थ्य शिविरमा सहभागी स्थानीयवासीले यस्तो पहलले गाउँका सर्वसाधारणलाई ठूलो राहत मिलेको बताएका छन् । स्वास्थ्य संस्थासम्म पुग्न समय र खर्च लाग्ने भएकाले गाउँमै नि:शुल्क सेवा पाउनु महत्वपूर्ण रहेको उनीहरूको भनाइ थियो । प्रभु अस्पतालका प्रतिनिधिहरूले स्वास्थ्य शिविरलाई निरन्तरता दिने योजना रहेको जानकारी दिएका छन् । उनका अनुसार विशेष गरी ग्रामीण क्षेत्रका मानिसलाई प्राथमिक स्वास्थ्य परीक्षण र सचेतनाको कार्यक्रमले दीर्घकालीन लाभ दिने विश्वास गरिएको छ ।

## नेपालमा वेब ब्राउजरमार्फत युट्युब बन्द मोबाइलमा अझै चल्दो

***काठमाडौं, २१ भदौ ।***

सामाजिक सञ्जाल बन्द गर्ने सरकारी निर्णय लागू भएको दुई दिनमै नेपालमा युट्युब पनि अवरुद्ध भएको छ । नेपाल दूरसञ्चार प्राधिकरणको निर्देशनअनुसार इन्टरनेट सेवा प्रदायक संघ (आईएपान) ले युट्युबका आईपी एड्रेस ब्लक गर्न थालेपछि वेब ब्राउजरमार्फत युट्युब नचल्ने भएको हो । आईएपानका अध्यक्ष सुधीर पराजुलीका अनुसार, अहिले वेब ब्राउजरमा युट्युब बन्द भइसकेको छ भने मोबाइलमा पनि क्रमशः रोक्ने प्रक्रिया सुरु भइसकेको छ । उनले भने, “सरकारको आदेशअनुसार दर्ता नभएका सामाजिक सञ्जालहरूका




आईपी एड्रेसहरू बन्द गर्न थालेका छौं । हिजो फेसबुक, एक्स र इन्स्टाग्राम वेबपेज बन्द भएका थिए भने आज बिहानदेखि युट्युब पनि ब्लक भएको हो ।” तराजुलीले सरकारको निर्णयमा प्राविधिक पक्षलाई नजरअन्दाज गरिएको आरोप लगाए । उनका अनुसार, “युट्युब ब्लक गर्दा यदि जिमेलसँग एउटै आईपी एड्रेस परे, इमेल सेवा समेत प्रभावित हुन सक्छ । यसले

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्जमा १८ घण्टामा हैजा संक्रमित शून्य

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २१ भदौ ।***

बीरगन्ज महानगरपालिकामा १८ घण्टामा कुनै नयाँ हैजा संक्रमित थपिएको छैन । शनिबार बिहान ५ बजेसम्म महानगरमा १९२ जना हैजा संक्रमित भेटिएका थिए, जसमा १७५ जना उपचारपछि घर फर्किसकेका छन् भने १७ जना विभिन्न अस्पतालमा उपचाररत छन् । महानगरपालिकाले सार्वजनिक गरेको तथ्यांक अनुसार, १८ घण्टाको अवधिमा अस्पतालमा झन्डै २१ जना झाडापखालाका बिरामी मात्र सम्पर्कमा आएका छन् । नारायणी अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहका



अनुसार, संक्रमणको विस्तार क्रमशः घट्दै गएको संकेत देखिन्छ । डा. सिंहले भने, “तुलनात्मक रूपमा झाडापखालाका नयाँ बिरामीको संख्या दैनिक घट्दै गएकोले अबको केही दिनमा हैजा र झाडापखालाका नयाँ बिरामी थपिने दर पनि न्यून हुनेछ ।”

## निजामती सेवा दिवसको अवसरमा बीरगन्जमा बृहत वृक्षारोपण

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज, २१ भदौ ।***

२२औं निजामती सेवा दिवस-२०८२ को अवसरमा बीरगन्जमा बृहत वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालय पर्सा र ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र, आदर्शनगर-१० को संयुक्त आयोजनामा भएको कार्यक्रममा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी (सीडीओ) तोयनारायण सुवेदी रहेका थिए । त्यस्तै, मधेश प्रदेश कार्यालयका एसएसपी शान्ती राज कोईराला, जिल्ला प्रहरी कार्यालय पर्साका एसपी गौतम मिश्र, डिएसपी किशोर लम्साल, शस्त्र प्रहरी पर्साका एसपी पुरनचन्द्र भट्टलगायतको उपस्थिति थियो । कार्यक्रमको अध्यक्षता ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले गरे । उनका अनुसार, करिब ६० वटा विभिन्न प्रजातिका बिरुवा रोपिनुका




साथै तिनको संरक्षणका लागि लोहाको तारजाली (प्रोटेक्टिभ गार्ड) समेत जडान गरिएको छ । वृक्षारोपण बीरगन्ज महानगरपालिका-१६ स्थित वाईपास रोड, वैष्णवी मन्दिर चौक क्षेत्रमा गरिएको हो । कार्यक्रममा नागरिक समाजका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, विभिन्न राजनीतिक दलका नेता-कार्यकर्ता, सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरूको सक्रिय सहभागिता रहेको आयोजकले जनाएको छ । सहभागीमध्ये प्रकाश ऐरी, सुशील कादमियाँ, राकेश अग्रवाल, कैलाश बजाज, त्रिलोकचन्द्र दरूका, शिव गुप्ता, वसन्त प्रसाद उपाध्यायलगायत सक्रिय देखिए । त्यस्तै सुरक्षाकर्मी तर्फबाट प्रहरी वरिष्ठ हवल्दार प्रेम राम, प्रहरी सहायक हवल्दार अजिता घिमीरे र प्रहरी जवान अमर सिंह साउदको उपस्थिति उल्लेखनीय

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## स्याउको बजारीकरण

जुम्लाको स्याउ ताजा, मिठो र स्वादिलो छ । एक पटक खाएपछि सधैँ खान मन लाग्ने । चिसो हावापानीमा हुर्केर फलेको जुम्ली स्याउको स्वाद अन्यत्रको भन्दा फरक छ । यो अर्गानिक स्याउ हो । जुम्लामा यतिबेला स्याउको सिजन सुरु भएको छ । नेपाली बजारमा जुम्ली स्याउको उच्च माग छ । त्यहाँका किसान स्वदेशमा मात्र नभएर जुम्लाको स्याउले अन्तर्राष्ट्रिय बजारमा सहजै प्रतिस्पर्धा गर्न सक्नेमा विश्वस्त छन् । त्यसका लागि सङ्घीय सरकारले नै पहल गरिदिनुपर्ने भएको छ । विसं २०६२ सालमा केही किसानले जुम्लाको स्याउ बङ्गलादेश निर्यात गर्ने तयारी गरे । निर्यातका लागि जुम्ला उद्योग वाणिज्य सङ्घले अन्तरदेशीय निर्यातसम्बन्धी कानुनी आधार तयार गरेर स्याउ बङ्गलादेश पठायो । नेपाली बजार मात्रै होइन, अन्तर्राष्ट्रिय बजारमा जुम्लाको स्याउ पुर्‍याउने उद्देश्यले भारत हुँदै बङ्गलादेश निर्यात गरियो । केही वर्षसम्म स्याउ बङ्गलादेश पठाइयो पनि तर यसले निरन्तरता पाउन सकेन । किसानले जुम्लाको स्याउ विदेश पठाउने योजना अगाडि बढाउन सरकारी निकायसँग आग्रह गरेका छन् । जुम्लामा शीतभण्डार बनाई स्याउलाई सुरक्षित राख्ने गरिएको छ । अगुवा किसान स्याउको अन्तर्राष्ट्रिय बजारको खोजीमा छन् । गुठीचौर एग्रोफार्म जुम्लाकै सबैभन्दा ठुलो र ४० हजार बिरुवा रोपेको बगैँचामा ९९ प्रतिशत स्याउ फलेको छ । यो स्याउ भारत निकासी गर्ने सोच बनाइएको छ । त्यसका लागि परीक्षण तथा कानुनी आधार छिट्टै तयार गर्न आवश्यक छ । स्याउ निर्यातका लागि सङ्घीय सरकारसँग पहल पनि भइरहेको छ । निर्यात गर्ने आधार सरकारले तयार गरिदिएमा जुम्ली स्याउले अन्तर्राष्ट्रिय बजारमा प्रभाव पार्ने कुरामा किसान विश्वस्त छन् । चन्दननाथ नगरपालिका-२ का रत्नबहादुर भण्डारी आफ्नो बगैँचाका ३६५ बोटमा स्थानीय स्याउ फलेकाले बजारको खोजीमा हुनुहुन्छ । उहाँले बर्सेनि तीनदेखि छ लाख रुपियाँसम्म स्याउबाटै आम्दानी गरिरहेको बताउँदै अब अन्तर्राष्ट्रिय बजारमा लैजाने उपाय खोजिरहनुभएको छ । कृषि विकास कार्यालय जुम्लाले अहिले स्याउ ५० प्रतिशतभन्दा बढी नेपाली बजारमै खपत भइरहेको जनाएको छ । जिल्ला कृषि विकास कार्यालय जुम्लाले पाकेको स्याउ भदौ २ गतेबाट टिप्न सिफारिस दिइसकेको छ । जुम्ली स्याउ सुर्खेत, नेपालगन्ज, सल्यान, धनगढी, महेन्द्रनगर, तुलसीपुर, पाल्पा, बुटवल, गुल्मी, स्याङ्जा, काठमाडौँ, जनकपुर र विराटनगर पुग्ने गरेको छ । जुम्लामा यस वर्ष चार हजार चार सय हेक्टर जमिनमा स्याउ खेती गरिएको छ । यस वर्ष १० देखि १३ हजार मेट्रिक टन स्याउ उत्पादन हुने अनुमान छ । यस पटक असिनापानीले क्षति पुर्‍याएका कारण उत्पादन गत वर्षभन्दा घटे पनि स्याउको मूल्य भने बढेको छ । गत वर्ष बगैँचामा स्याउको मूल्य ४५ देखि ५५ रुपियाँ प्रतिकेजी भएकोमा यस वर्ष ६० देखि ८० रुपियाँसम्म छ ।आर्थिक वर्ष २०८१/८२ मा जुम्लाबाट मात्रै नौ हजार ३९१ मेट्रिक टन अर्थात् ६१ करोड ४१ लाख पाँच हजार रुपियाँको स्याउ निर्यात भएको थियो ।

जुम्लामा स्थानीय स्याउ रेड डेलिसियस, रोयल डेलिसियस, गोल्डेनसहित उच्च घनत्वका स्याउ फल्ने गरेको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण एकाइ परियोजना अन्तर्गत जुम्लामा ५२ हेक्टरमा उच्च घनत्वको स्याउ किसानले रोपेका छन् । आव २०७५/७६ बाट सुरु गरिएको परियोजना अन्तर्गत ५८ वटा बगैँचामा लगानी भइरहेको छ । यसका साथै २०६४ सालमा ‘एक घर एक स्याउ बगैँचा’ नीति पनि सरकारले लिएपछि अहिले उत्पादन बढ्दै गएको छ । कर्णाली प्रदेश सरकारले साबिकको कर्णालीमा बढी उत्पादन हुने स्याउ खेतीको विस्तार र प्रवर्धन गर्न स्याउ विकास बोर्ड गठन गर्ने जनाएको छ । आव २०८२/८३ को बजेट तथा नीति कार्यक्रममा कर्णालीमा उत्पादन भई निर्यात सम्भावना रहेको स्याउ खेतीको विस्तार तथा प्रवर्धन गर्न बजेटको समेत व्यवस्था गरेको छ । प्रदेश सरकारले कर्णालीको स्याउ अन्तर्राष्ट्रिय बजारमा पठाउनका लागि सङ्घीय सरकारसँग आग्रह गरेको छ । कर्णाली प्रदेशमा जुम्लासहित कालीकोट, हुम्ला, मुगु र डोल्पा जिल्लामा स्याउ खेती हुन्छ । सङ्घीय सरकारले सहजीकरण गरिदिने हो भने त्यहाँको स्याउ भारत, बङ्गलादेशमा मात्र नभएर युरोप र अमेरिकासम्म निर्यात गर्न सकिने सम्भावना छ । कर्णालीको स्याउलाई बजारीकरण गर्न सके राम्रो आम्दानी हुने सम्भावना छ ।

# विधान महाधिवेशनको गन्तव्य

**नगिन्द्र शाही**

कुनै सरकारले पूरा गर्न नसकेका समृद्धिका अधुरा सपना पूरा गर्ने अठोट एमालेको यो विधान महाधिवेशनले गर्नेछ । नेकपा एमाले नेपालको प्रमुख राजनीतिक शक्ति हो । नेपाली समाज परिवर्तन र रूपान्तरणका निम्ति नेतृत्वदायी भूमिका निर्वाह गर्दै आजको अवस्थामा पुगेको पार्टी हो । यसले आफ्नो स्थापनायता नेपालको राजनीतिमा अनवरत संघर्ष गर्दै आइरहेको छ । नेपालको राजनीतिमा एमालेको खास खासियत भनेकै सही विचार सही नीति र सही नेतृत्वको सही संयोजन हो । अवस्था, परिस्थिति र जनभावनाको संश्लेषण गर्न एमालेले २०७८ असोज १५ देखि १६ गतेसम्म प्रथम विधान महाधिवेशन सम्पन्न गरेको थियो । नेपालको राजनीतिक इतिहासमा विधान महाधिवेशन र नेतृत्व निर्माणका निम्ति राष्ट्रिय महाधिवेशन गर्ने एमाले पहिलो पार्टी बनेको छ । पार्टीको विधान, नीति र सांगठनिक स्वरूपको निरूपणका निम्ति गरिने विधान महाधिवेशनले समग्र राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक अवस्थाको समीक्षाका निम्ति ललितपुरको गोदावरीमा यही २०८२ भदौ २० देखि २१ सम्म दोस्रो विधान महाधिवेशन गर्दैछ । गोदावरीमा सम्पन्न हुने विधान महाधिवेशनले नेपालका राजनीतिक दलहरूलाई नीति र विधिको महत्त्वका बारेमा सन्देशसमेत सम्प्रेषण गर्नेछ । पार्टीले अख्तियार गरेको राजनीतिक विचार, सिद्धान्त, नीति र संगठनका स्वरूपको पुनर्ताजगी गर्ने विधान महाधिवेशन




एमालेका निम्तिमात्र होइन, सिंगो देशका निम्ति महत्त्वपूर्ण छ । देशको विकास कसरी र कुन नीति अख्तियार गरेर गर्ने विषयको निरूपण समेत यो महाधिवेशनले गर्नेछ । राजनीतिक दिशा निर्धारण गर्ने विधान महाधिवेशनले एमालेको राजनीतिक यात्रा तय त गर्ने नै छ । त्यसका साथै सिंगो देशको वैचारिक विकास मोडेलको चित्रसमेत तयार गर्नेछ। जनताको बहुदलीय जनवादको जगमा नेपाली मौलिकतासहितको समाजवादी राजनीतिक यात्रा तय गर्नु नै आजको आवश्यकता हो । यान्त्रिकता र जडताबाट माथि उठ्न नसकेका नेपालका वामपन्थीलाई यो विधान महाधिवेशनले नयाँ दिशा दिनेछ। सिंगो वामपन्थी आन्दोलनको रक्षाका निम्ति समाज बदल्ने नीति नेपालका वामपन्थीहरूले अँगाल्न जरुरी छ । चल्ते चलाते हैसियत भएका तर विचार वामपन्थी राख्ने नेपालको वामपन्थी जनमतलाई एकीकृत गर्नका खातिर यो विधान महाधिवेशन सेतु बन्नेछ। सोभियत संघ विघटनपछि विश्व वामपन्थी आन्दोलन रक्षात्मक भइरहेको अवस्थामा नेपालमा जसरी जबजले वामपन्थी आन्दोलनको रक्षा गरेको थियो । त्यसैगरी, यो विधान महाधिवेशनवाट तर्जुमा हुने नीतिले वामपन्थी अराजकताको अन्त्य गर्दै नकारात्मक भाष्यलाई सकारात्मक भाष्यमा रूपान्तरण गर्नेछ। कम्युनिस्ट पार्टीका संगठन त खासमा समाज परिवर्तनका संवाहक हुन् । यो अनुभूति दिनेगरी अबका पार्टी कमिटी बन्नुपर्छ । जुन कमिटीबाट आम नागरिकले धेरै अपेक्षा गर्न सकुन् । आजको समस्या भनेको संख्या होइन, गुण हो । त्यसकारण संख्यात्मक मात्रालाई गुणात्मक मात्रामा रूपान्तरण नगरी आजको समस्या हल हुने देखिँदैन । आजका प्रश्नहरूको हल गर्नेगरी बलियो पार्टी निर्माण आजको आवश्यकता हो । जुन विषयलाई एमालेले बुझेको छ र समयले मागेका प्रश्नहरूको जवाफ विधान महाधिवेशनमार्फत दिँदै आइरहेको छ । हिजोभन्दा थप व्यवस्थित भएर दोस्रो दिन विधान महाधिवेशन गर्दैछ । गन्तव्यमा पुग्ने संकल्प : नेकपा एमाले नेपालको प्रमुख राजनीतिक शक्तिमात्र होइन, पहिलो ठूलो वामपन्थी दल पनि हो । यसले करिब सात दशकदेखि नेपालको वामपन्थी जनमतको ठूलो संख्याको नेतृत्व गर्दै आइरहेको छ । एमाले यसबीच धेरै पटक सरकारमा सामेल मात्र भएको छैन, यसले धेरै पटक सरकारको नेतृत्व गर्ने अवसर समेत प्राप्त गरेको छ । पाएको अवसरलाई जनताको पक्षमा सदुपयोग गर्ने प्रयास पनि गरेको छ । तर भने जति र जसरी, सोचे जति र जसरी अनि चाहे जति र जसरी गर्न नसकेको कुरा त्यत्तिकै सत्य हो । त्यसका पछाडि केही राजनीतिक, केही कानुनी, केही प्रणालीगत र केही आन्तरिक जटिलता रहँदै आएका छन् । त्यसको समीक्षा पनि आजका राजनीतिक दलले गर्न जरुरी देखिन्छ । विशेषगरी एमाले अझ गर्न जरुरी छ किनकि नेकपा एमाले नेपाली जनताले धेरै पत्याएको पार्टी हो । यी सबै जटिलतालाई समाधान नगरी राजनीतिक अस्थिरताको अन्त्य सम्भव देखिँदैन । राजनीतिक अस्थिरता भइरहँदा विकास पनि चल्ते चलाते खालको त होला, त्यसवाट देश समृद्ध बन्ने कुरा कल्पनासमेत गर्न सकिँदैन । नेपालको राजनीतिक आज यही मोडमा मडारिइरहेको छ । वर्तमानका यी जटिलताहरू समाधानका निम्ति तत्काल एउटा मात्र राजनीतिक विकल्प देखिन्छ । त्यो हो निर्णायक राष्ट्रिय शक्ति । निणार्यक राष्ट्रिय शक्ति निर्माण हुँदामात्र नेपाली समाजको आमूल परिवर्तन सम्भव देखिन्छ । राजनीतिक अस्थिरता नै समृद्ध नेपाल निर्माणको प्रमुख

बाँकी तेश्रो पृष्ठमा

# कस्तो हुनुपर्छ माध्यमिक पाठ्यक्रम ?

**प्रा.डा. प्रकाशमान श्रेष्ठ**

अधिकांश मुलुकहरूमा प्राथमिक तहसहितको विद्यालय शिक्षाको समयावधि १२ वर्ष रहेको छ । केही मुलुकहरू जस्तो उत्तर कोरिया र रुसमा १० वा ११ वर्षको र श्रीलंका, नेदरल्यान्ड र नर्वेमा १३ वर्ष रहेको छ । विद्यालय तहको शिक्षाको कुल समयावधिमा माध्यमिक तहको समयावधि कतिपय मुलुकहरूमा ६ वर्ष र कतिपय मुलुकहरूमा ४ र ५ वर्ष रहेको छ । नेपालमा समग्र विद्यालय शिक्षाको समयावधि १२ वर्ष र माध्यमिक शिक्षाको समयावधि ४ वर्ष रहेको छ । **विश्वव्यापी उद्देश्य** विश्वव्यापी रूपमा नै माध्यमिक शिक्षाको दुईवटा उद्देश्यहरू रहेका छन्ः पहिलो, विद्यार्थीलाई उच्च शिक्षाको निम्ति तयारी गर्न आवश्यक ज्ञान सीप प्रदान गर्नु हो । त्यस्तै, दोस्रो विद्यार्थीलाई आवश्यक ज्ञान र सीप प्रदान गरी मुलुकको लागि चाहिने श्रमशक्तिको तयार गर्नु हो । नेपालमा पनि माध्यमिक शिक्षाको मूल उद्देश्यहरू यी दुईवटा हुन् । उच्चशिक्षा हासिल गर्न चाहने विद्यार्थीले माध्यमिक तहमा साधारण माध्यमिक विद्यालय र माध्यमिक तहको शिक्षापछि रोजगारीमा लाग्ने विद्यार्थीले प्राविधिक तथा व्यावसायिक विद्यालयहरूमा अध्ययन गर्छन् । माध्यमिक शिक्षाको उल्लेखित उद्देश्य कति मात्रामा प्राप्त हुन्छ भन्ने कुरा माध्यमिक शिक्षाको पाठ्यक्रममा भरपर्छ । उद्देश्यलाई नपछ्याएको नेपालको पाठ्यक्रम ‘ माध्यमिक शिक्षाको पाठ्यक्रम गुणस्तरहीन छ ।’ ‘माध्यमिक शिक्षाको पाठ्यक्रमले गरिखाने जनशक्ति तयार गर्दैन ।’ ‘पाठ्यवस्तुहरू जीवनोपयोगी छैनन् ।’ ‘माध्यमिक शिक्षाको पाठ्यक्रममा दिइएका पाठ्यवस्तुहरू कठिन तथा आवश्यकताभन्दा बढी छन् ।’ ‘ वर्तमान विद्यालय शिक्षाको पाठ्यक्रमले घोकन्ते विद्यालाई मात्र जोड दिएको छ ।’ ‘विद्यार्थीले परीक्षामा अंक प्राप्त गर्छन् तर सिकेका हुँदैनन् ।’ सरोकारवालाहरूबाट सुन्दै आएका कुराहरू हुन्, यिनीहरू सबै । यी उल्लेखित आशयहरूले माध्यमिक शिक्षाका वर्तमान पाठ्यक्रम परिमार्जन गर्नु जरुरी भइसकेको छ भन्ने जनाउँदछ । सैद्धान्तिक रूपमा परिमार्जनयोग्य पाठ्यक्रमको कार्यन्वयनबाट माध्यमिक शिक्षाको उद्देश्य प्राप्त हुँदैन । वास्तवमा नेपालमा माध्यमिक तहको शिक्षा रोजगारी उन्मुख छैन भन्ने कुरा बर्सेनि वृद्धि हुँदै गइरहेको युवा बेरोजगारीको प्रतिशत र दिनहुँ जस्तो बिदेसिने युवाहरूको संख्याले पुष्टि गर्छ । माध्यमिक शिक्षाको अर्को उद्देश्य ‘उच्च शिक्षाको लागि तयारी गर्नु’ कति मात्रामा पूरा हुन्छ भन्ने कुरा पाठ्यक्रम विश्लेषणबाट मात्र यकिन गर्न सकिन्छ । तर कुनै कुनै विषयको पाठ्यवस्तुहरू कठिन छ भन्ने तथ्य यस क्षेत्रमा भएका कार्यशाला गोष्ठीहरूले पुष्टि गरिसकेको छ । अहिले कार्यान्वयन भइरहेको माध्यमिक शिक्षाको पाठ्यक्रमले उद्देश्य प्राप्त गर्न नसकेको कारणले सरोकारवालाहरू वर्तमान पाठ्यक्रमप्रति सन्तुष्ट देखिँदैनन् । यस परिप्रेक्ष्यमा वर्तमान पाठ्यक्रममा सुधार ल्याउनु अनिवार्य भइसकेको छ । तर वर्तमान पाठ्यक्रमलाई परिमार्जन गर्नुभन्दा अगाडि उक्त पाठ्यक्रम उपयुक्त नहुनुका कारणहरू केलाउनु जरुरी छ । मुलुकको आर्थिक विकास, कृषिजन्य तथा औद्योगिक वस्तुहरूको उत्पादन वृद्धिका लागि आवश्यक प्राविधिक तथा व्यावसायिक ज्ञान र सीपहरू प्रदान गर्ने पाठ्यक्रम नै मुलुकले खोजेको छ । पाठ्यक्रम निर्माण प्रक्रियामा पाठ्यक्रम निर्माणको सिद्धान्तलाई नपछ्याउनुः सैद्धान्तिक रूपमा पाठ्यक्रम निर्माणका पहिलो चरण ‘आवश्यकताको पहिचान’ हो । त्यसैले माध्यमिक शिक्षाको पाठ्यक्रम तयार गर्दा सर्वप्रथम विद्यार्थी, परिवार, समुदाय, मुलुकको आवश्यकता पहिचान गर्नुपर्छ । ती आवश्यकताहरूको आधारमा उद्देश्यहरू निर्धारण गरी पाठ्यवस्तुहरूको सूची तयार गरिन्छ । तर पाठ्यक्रम निर्माण प्रक्रियामा यो कार्यलाई त्यति महत्व दिएको देखिँदैन । फलस्वरूप पाठ्यक्रमले, विशेषगरी प्राविधिक तथा व्यावसायिक विधाको पाठ्यक्रमले मुलुकलाई चाहिने जनशक्तिको लागि आवश्यक सीपहरू पर्याप्त मात्रामा प्रदान गर्न सकेन र शिक्षित बेरोजगारी संख्यामा वृद्धि हुँदै गएको छ । पाठ्यक्रम निर्माण प्रक्रियामा मूल्यांकनका आँखाबाट हेर्न नसक्नुः ‘वर्तमान पाठ्यक्रममा सक्षमता, सिकाइ उपलब्धिहरू, पाठ्यवस्तुहरू, शिक्षण-सिकाइ प्रक्रिया, मूल्यांकन विधि सबै तत्वहरू विस्तृत रूपमा समावेश गरिएका छन् । तर कुनै कुनै विषयमा केही सक्षमता र सिकाइ उपलब्धिहरूबीच सामञ्जस्यताको अभाव भएको, कुनै सिकाइ उपलब्धिका लागि पाठ्यवस्तु छुटेको, सिकाइ उपलब्धिहरू र विशिष्टीकरण तालिकामा विभिन्न प्रकारका संज्ञानात्मक तहलाई दिइएको भार र प्रतिशतबीच सामञ्जस्यता नभएको कुरा विज्ञहरूले बताउँदै आएका छन् । विज्ञहरूबाट आउने गरिएका यी विषयवस्तुहरू मूल्यांकनसँग सम्बन्धित छन् । यस अर्थमा वर्तमान पाठ्यक्रमलाई मूल्यांकनको सिद्धान्तको दृष्टिकोणबाट हेर्न नपुग भएको देखिन्छ । फलस्वरूप सार्वजनिक परीक्षामा प्रश्न निर्माण गर्ने प्रश्न निर्माणकर्तालाई सिकाइ उपलब्धिको आधारमा वा विशिष्टीकरण तालिकाको आधारमा प्रश्न निर्माण गर्ने दुविधा हुन्छ । पाठ्यक्रम निर्माणमा मुलुकको आवश्यकताभन्दा विज्ञहरूको प्रभुत्व हुनुः मुलुकको लागि चाहिने मध्यमस्तरीय जनशक्ति उत्पादन गर्नका लागि आवश्यकता पहिचानको आधारमा विषयहरू र पाठ्यवस्तुहरू निर्धारण गरी पाठ्यक्रम निर्माण हुनु पर्ने भए तापनि पाठ्यक्रम निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुने विज्ञहरूले आफ्ना विषयका महत्वबारे तर्कहरू पेस गर्दै पाठ्यक्रममा समावेश गर्न जोड दिन्छन् । त्यसैले आवश्यकताको आधारमा भन्दा विज्ञहरूको रायको आधारमा पाठ्यक्रममा विषयहरू र पाठ्यवस्तुहरू समावेश गर्ने निर्णय हुन्छन् । विद्यार्थीहरूका लागि पाठ्यक्रम नभई पाठ्यक्रमका लागि विद्यार्थी हुनुः कुनै पनि विषयको पाठ्यक्रममा समावेश गरिने पाठ्यवस्तुहरू विद्यार्थीको उमेर, मानसिक क्षमता र रुचि अनुरूप हुनुपर्छ । तर व्यावहारिक रूपमा माध्यमिक शिक्षाको पाठ्यक्रम निर्माण गर्दा यी उल्लेखित पक्षहरूलाई ध्यान नदिई विज्ञहरूले पाठ्यवस्तुहरू निर्धारण गर्दछन् । विज्ञहरूले निर्माण गरिएका पाठ्यक्रम विद्यार्थीले उनीहरूको मानसिक क्षमता र इच्छालाई वास्ता नगरी अध्ययन गर्नुपर्ने अवस्था छ । त्यसैले अहिले विद्यार्थीको लागि पाठ्यक्रम नभई पाठ्यक्रमको लागि विद्यार्थी भइरहेको छ । **कस्तो हुनुपर्छ पाठ्यक्रम ?** मुलुकको आवश्यकता अनुरूप पाठ्यक्रम निर्माण हुनु आवश्यक हुन्छ । वर्तमान पाठ्

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## गाजामा मानवीय सङ्कट गहिरिँदै अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण



**काठमाडौँ, २१ भदौ ।**

संयुक्त राष्ट्र बालकोष (यूनिसेफ)का अनुसार, गाजा सिटी अहिले तीव्र सैन्य गतिविधिका कारण बालबालिकाको लागि बस्न अयोग्य बनिरहेको छ । यूनिसेफको मध्यपूर्व तथा उत्तर अफ्रिका क्षेत्रीय कार्यालयकी सञ्चार व्यवस्थापक टेस इन्ग्रामले यसबारेमा गाजाबाट भिडियो सन्देशमार्फत न्यूयोर्कस्थित संयुक्त राष्ट्र मुख्यालयमा आयोजित नियमित पत्रकार सम्मेलनमा जानकारी गराएका हुन् । उनले गाजा सिटीको अवस्था वर्णन गर्दै भने,“यो शहर अहिले डर, पलायन र अन्त्येष्टीको प्रतीक बनेको छ ।” उहाँका अनुसार, झण्डै १० लाख मानिस अझै पनि गाजा सिटीमा बसोबास गरिरहेका छन् र यदि सैन्य आक्रमण अझ तीव्र बनाइयो भने त्यो एक गम्भीर मानवीय विपत्तिमा परिणत हुन सक्छ । “त्यो अवस्था अकल्पनीय र अत्यन्त दु:खद हुनेछ, जसलाई रोक्न हामी सबैले सक्दो प्रयास गर्नुपर्छ,” उनले भने । इन्ग्रामले थपे,“धेरै मानिसहरू पहिले नै आफ्नो घर छोडेर भागिसकेका थिए, तर अहिले फेरि दोस्रोपटक विस्थापन भोगिरहेका छन् । मैले त्यस्ता बालबालिका भेटेँ, जो युद्धको अफरातफरीमा आफ्ना आमाबुबाबाट छुट्टिएका थिए । कतिपय आमाहरूले आफ्ना सन्तानलाई भोककै कारण गुमाइसकेका छन् भने अरूलाई अझै पनि आफ्ना बालबालिकाको ज्यान जाने डर सताइरहेको छ । मैले अस्पतालमा शय्यामा उपचाररत ती साना शरीरहरू देखेँ, जुन शरपनेलको चोटबाट गम्भीर रूपमा घाइते थिए ।” उनका अनुसार, यूनिसेफद्वारा सञ्चालनमा रहेका ९२ पोषण उपचार केन्द्रहरूमध्ये हाल ४४ मात्र क्रियाशील रहेका छन्, जसले गर्दा हजारौं कुपोषित बालबालिका अत्यावश्यक उपचार सेवाबाट वञ्चित भएका छन् । हाम्रो टोलीले अत्यन्त कठिन परिस्थितिमा काम गरिरहेको छ । यदि हामीलाई आवश्यक सहयोग तथा व्यापक पहुँचको सुविधा मिलेको भए, हामी अझ धेरै बालबालिकासम्म पुग्न सक्थ्यौं,” उनले स्पष्ट पारे ।

इन्ग्रामले अहिले गाजामा देखिएको मानवीय सङ्कट कुनै आकस्मिक अवस्था नभई, विशिष्ट निर्णयहरूको प्रत्यक्ष परिणाम भएको बताउँदै भने, “यहाँ फिलिस्तीनी जनताको जीवन प्रणाली क्रमश: ध्वस्त पारिँदैछ । विशेषत: बालबालिकाको दु:ख र पीडा योजनाबद्ध रूपमा उत्पन्न भएको जस्तो देखिन्छ, जुन अत्यन्त चिन्ताजनक विषय हो ।”

## “एमपक्स”का कारण अफ्रिकामा दुई हजार जनाको मृत्यु, सङ्क्रमण घट्दै

**काठमाडौँ, २१ भदौ ।**

अफ्रिकामा फैलिरहेको ‘एमपक्स’ का (मन्कीपक्स)को महामारीले सन् २०२४ को सुरुबाट हालसम्म झन्डै दुई हजार जनाको ज्यान लिइसकेको छ । यद्यपि पछिल्लो केही सातादेखि सङ्क्रमणको सङ्ख्यामा उत्साहजनक कमी देखिएको छ भनी अफ्रिकी रोग नियन्त्रण तथा निवारण केन्द्र (अफ्रिका सिडिसी)ले जनाएको छ । बिहीबार साँझ आयोजित अनलाइन पत्रकार सम्मेलनमा अफ्रिका सिडिसीका एमपक्स घटनाका सह-प्रबन्धक याप बाउम द्वितीयले सन् २०२४ को सुरुयता २९ अफ्रिकी मुलुकहरूबाट एक लाख ८५ हजार ९ सय ९४ एमपोक्स सङ्क्रमणको घटना दर्ता भएको बताउनुभयो । तीमध्ये ५१ हजार ९ सय ६९ सङ्क्रमण पुष्टि भएका छन् भने एक हजार हजार ९ सय ८७ जनाको मृत्यु भएको छ । अफ्रिकी सङ्घको स्वास्थ्यसम्बन्धी विशेष निकायका अनुसार सन् २०२५ मा अहिलेसम्म एक लाख लाख ५ हजार ६ सय ९७ एमपोक्स सङ्क्रमणका घटना दर्ता भइसकेका छन्, जुन सङ्ख्या सन् २०२४ को कुल सङ्ख्या ८० हजार २ सय ९७ भन्दा धेरै हो । तर, क्षेत्रीय तहमा भइरहेको सुधारात्मक प्रयासका कारण पछिल्लो समय एमपक्सका पुष्टि भएका तथा आशंकित दुबै प्रकारका घटनामा क्रमिक रूपमा गिरावट आएको छ । विशेषत: सन् २०२५ को मे महिनामा देखिएको उच्च स्तरको सङ्क्रमणको तुलनामा अहिले उल्लेखनीय कमी आएको बताइएको छ । अफ्रिका सिडिसीको तथ्याङ्क अनुसार, साप्ताहिक रूपमा पुष्टि हुने सङ्क्रमणको औसत सङ्ख्या ५२ प्रतिशतले घटेको छ । मे महिनामा साप्ताहिक औसत एक हजार ४४१ थियो भने पछिल्ला पाँच सातामा त्यो घटेर ६९५ मा झरेको छ । परीक्षणको पहुँचसम्बन्धी विवरण पनि सकारात्मक देखिएको छ । पछिल्लो ६ सातामा आशंकित घटनाहरूमा गरिएको परीक्षणको दर ३० प्रतिशतबाट बढेर ६६ प्रतिशत पुगेको छ ।सन् १९५८ मा प्रयोगशालामा रहेका बाँदरहरूमा पहिलोपटक देखिएको एमपक्स एक दुर्लभ भाइरसजन्य रोग हो । यसले प्राय: ज्वरो, ऱ्यास ९छाला रोग० र ग्रन्थी सुन्निने लक्षण देखाउने गर्दछ । अफ्रिका सिडिसीले गत वर्ष अगस्टमा यस रोगलाई सम्पूर्ण महादेशको सार्वजनिक स्वास्थ्य सुरक्षाका लागि आपतकालीन अवस्था घोषणा गरेको थियो । त्यसको केही समयपछि विश्व स्वास्थ्य सङ्गठनले यसलाई अन्तर्राष्ट्रिय चिन्ताको सार्वजनिक स्वास्थ्य आपतकालका रूपमा वर्गीकृत गरेको थियो ।

## इजरायली हवाई आक्रमणमा १४ जना प्यालेस्टिनीको मृत्यु

**काठमाडौँ, २१ भदौ ।**

इजरायली फौजले गाजा सहरका आवासीय भवन र विस्थापितको शिविरमा हवाई आक्रमण गर्दा १४ जना प्यालेस्टिनीहरूको मृत्यु भएको । आक्रमणमा अरु धेरै घाइते भएको चिकित्सा स्रोतहरूले जनाएका छन् । गाजास्थित आवासीय अपार्टमेन्टमा इजरायली लडाकु विमानले बम प्रहार गर्दा तीन जना प्यालेस्टिनीको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएको जनाइएको छ । रामल्लामा इजरायली सेनाले विस्थापित प्यालेस्टिनीहरूको शिविरमा गोलाबारी गर्दा तीन जनाको मृत्यु हुनुका साथ अन्य धेरै घाइते भएका छन् । आवासीय भवनमा भएको अर्को हवाई आक्रमणमा एक जनाको मृत्यु हनुका साथै अन्य केही घाइते भएको जनाइएको छ । गाजा सहरको दक्षिणमा ताल अल हवा र साब्राका घरहरूमा भएको इजरायली हवाई आक्रमणमा थप पाँच प्यालेस्टिनीहरूको मृत्यु हुनुका साथै धेरै घाइते भएका छन् । अर्को छुट्टै आक्रमणमा, इजरायली ड्रोनले सहरको पश्चिममा विस्थापितको शिविरलाई निशाना बनाइ गरेको आक्रमणमा दुईजना प्यालेस्टिनीहरुको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएका छन् । हाल गाजा सहर कब्जा गर्ने इजरायली सेनाले घोषणा गरेको अभियानको दोस्रो चरणको रूपमा तीव्र आक्रमण भइरहेको छ ।

### विधान महाधिवेशनको.....

बाधक तत्त्वका रूपमा रहँदै आएको छ । यसलाई कसैकसैले बहुदलीय व्यवस्थाविरुद्धको राजनीतिक चिन्तनको रूपमा अर्थ्याउने दुष्प्रयास गरेको पनि देखिन्छ । निर्णायक राष्ट्रिय शक्ति निर्माण भनेको दलीय व्यवस्थाको विरुद्ध होइन, बरु यसलाई उन्नत लोकतन्त्रको अभ्यास हो भन्ने बुझ्न सक्नुपर्छ । जुन देशका पार्टीले जनता र मतदातालाई बुझाउन सके ती देशहरूमा राजनीतिक स्थायित्व छ, परिणाम नेपालको तुलनामा धेरै विकास पनि भएको छ । राज्यका स्थापित मान्यताको जगमा आफ्ना नीतिको वकालत गर्ने र जनसमर्थन प्राप्त गरी निर्णायक राष्ट्रिय शक्ति निर्माण हुने विषय विचारको राजनीतिक संश्लेषण हो । आज नेपालको राजनीतिमा वैचारिक पक्ष कमजोर भइरहेका बेला विकासको नेतृत्व विचारको जगमा हुनपर्छ भन्ने कुरा आफैंमा स्वागतयोग्य छ ।साभार अन्नपूर्ण पोस्ट ।

### कस्तो हुनुपर्छ माध्य........

यक्रमलाई मुलुकको आवश्यकता अनुरूप बनाउन निम्न कार्यहरू गर्नु जरुरी छ । पाठ्यक्रम मूल्यांकन अध्ययन: शिक्षा ऐनमा उल्लेख भएअनुसार पाठ्यक्रम विकास केन्द (पाविके)को एउटा महत्वपूर्ण काम पाठ्यक्रमको मूल्यांकन गर्नु पनि हो । हाल कार्यान्वयनमा आइरहेकको माध्यमिक शिक्षाको पाठ्यक्रम सरोकारवाला समूहहरू र स्वयं पाविकेको पदाधिकारीहरूले नै सुधार गर्नुपर्ने आवश्यकताहरू औंल्याउँदै आएको परिप्रेक्ष्यमा केन्द्रले उक्त पाठ्यक्रमको मूल्यांकन अध्ययन गरी सोको नतिजाअनुसार पाठ्यक्रम परिमार्जन गर्नु जरुरी छ । साधारण शिक्षाका पाठ्यक्रममा सुधार: माध्यमिक शिक्षाको पहिलो उद्देश्य विद्यार्थीलाई आवश्यक ज्ञान र सीपहरू प्रदान गरी उच्च शिक्षाको लागि तयारी गराउन साधारण माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ । साधारण शिक्षाको विभिन्न विधामा अध्ययनरत विद्यार्थीहरू कक्षा १२ उत्तीर्ण भएपश्चात उनीहरू कक्षा १२ मा छनोट गरिएका विषयको आधारमा स्नातक तहमा विज्ञान, कला, वाणिज्य, शिक्षा, चिकित्सा, इन्जिनियरिङ, कानुन कुनै विधामा भर्ना भई अध्ययन गर्छन् । त्यसैले हाल कार्यान्वयनमा आइरहेका साधारण विधाका सबै विषयका पाठ्यक्रमहरू स्नातक तहका सम्बन्धित विषयका उद्देश्य तथा पाठ्यवस्तुहरूसँगको सम्बन्ध छ वा छैन, सम्बन्धित विषयका विज्ञहरूलाई पाठ्यक्रम विश्लेषण गराई आवश्यकताअनुसार सुधार गरिनुपर्छ र बढी देखिएका पाठ्यवस्तुहरू हटाउनु पर्छ ।साभार अन्नपूर्ण पोस्ट ।

### बीरगन्जमा दुई.....

उपचाररत छन् । घरमै उपचार पछि निको भएका झाडापखालाका बिरामीको संख्या ९९१ पुगेको छ । गृहमन्त्री रमेश लेखकले संक्रमितको स्रोत पत्ता लगाउन सरकारले सक्रिय भूमिका खेलिरहेको बताइसकेका छन् । तर दुई हप्ता बितिसक्दा पनि हैजाको वास्तविक स्रोत पत्ता लाग्न सकेको छैन ।

### नेपालमा वेब................

इन्टरनेटको आधारभूत प्रयोगमा समेत अवरोध ल्याउन सक्छ ।”युट्युब र अन्य सामाजिक सञ्जाल बन्द भएपछि डिजिटल अर्थतन्त्रमा प्रत्यक्ष असर परेको सरोकारवालाहरू बताउँछन् । स्टार्टअप, अनलाइन मार्केटिङ र साना व्यवसायहरूको प्रवर्द्धन ठप्प भएको छ। कलाकारहरूले नयाँ गीत सार्वजनिक गर्न रोकेका छन् भने हास्य-व्यंग्य कार्यक्रम र टेलिसिरियल पनि प्रसारण हुन सकेका छैनन्। कन्टेन्ट क्रिएटरहरूको आम्दानी गुम्न थालेको गुनासोसमेत बढेको छ । सरोकारवालाले यो प्रतिबन्धले समग्र आर्थिक सूचकमा नकारात्मक प्रभाव पार्ने चेतावनी दिएका छन् ।

### निजामती सेवा दिवस....

रह्यो । सहभागीहरूले कार्यक्रमले वातावरण संरक्षण र सामाजिक जिम्मेवारीमा सामूहिक प्रयास आवश्यक रहेको सन्देश दिएको बताए ।

### मधेशलाई औद्योगिक...

आर्थिक वृद्धिमा क्रान्तिकारी योगदान गर्ने अपेक्षा गरिएको छ। एक करोड बढीको लागतमा आयोजना हुने एक्स्पोमा अन्तर्राष्ट्रिय उद्योगका अग्रणी, नवप्रवर्तनकर्ता, लगानीकर्ता र उत्साहीहरू सहभागी हुनेछन् । कार्यक्रममा १४० भन्दा बढी स्टलहरू, प्रत्यक्ष उत्पादन प्रदर्शन, अत्याधुनिक मेसिनरी, स्वचालन, कृत्रिम बुद्धिमत्ता, स्मार्ट खेती उपकरण, विद्युतीय र स्वचालित सवारी साधनको प्रदर्शनी, कार्यशाला, प्यानल छलफल र नेटवर्किङ अवसरहरू रहनेछन् ।

### सिरहामा डोम..............

गरिए पनि प्रहरीले अझै कसैलाई पक्राउ गर्न सकेको छैन। प्रहरी प्रवक्ता डीएसपी वीरेन्द्रकुमार पासवानले भने, “आरोपितहरूको खोजी भइरहेको छ, चाँडै परिणाम दिन्छौं ।”

नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्

# स्वास्थ्य

## कस्तो अवस्थामा पीडादायी हुन्छ यौन सम्बन्ध ?



दाम्पत्य सुखसँग जोडिएको हुन्छ, यौन पनि । भनिन्छ, सक्रिय यौन जीवनले दम्पतीबीचको सम्बन्ध थप प्रगाढ बनाउन मद्दत गर्छ । यद्यपि सबैको हकमा यस्तो हुँदैन । कतिपय दम्पतीले भरपुर यौन सुख प्राप्त गर्न सक्दैनन् । यस्तो स्थितिमा दम्पतीबीच आशंका, वैमनश्यता बढ्न सक्छ । अन्तत: यसै कारण उनीहरुमा कलह निम्तिन सक्छ । जबकि कतिपय महिलालाई यौन सम्बन्ध निकै पीडादायी हुने गर्छ । खासगरी प्रजनन् स्वास्थ्यमा हुने विभिन्न समस्याले गर्दा उनीहरु यौनमा उदासीन हुन सक्छन् ।

**जब पाठेघरको समस्या हुन्छ**

प्रजनन् स्वास्थ्यमा कुनै समस्या भएका महिलालाई यौन सम्बन्धको क्रममा धेरै पीडा हुन सक्छ । विशेषगरी पाठेघरमा कुनै संक्रमण भएको छ वा पाठेघर सुन्निएको छ भने यौन सम्बन्धको क्रममा पीडा हुन्छ । पाठेघरमा ‘शिष्ट’हरू अर्थात् पानी र रगतको फोका पलाउने समस्या धेरै महिलामा हुन्छ । यस्तो भएमा पाठेघर सुन्निन सक्छ । यसैगरी पाठेघरको संक्रमण वा मासु पलाएको स्थिति हुन सक्छ । महिलाहरुमा बढीजसो देखिने समस्या यौनाङ्गको संक्रमण हो । यस्तो भएमा सेतो पानी बग्ने हुन्छ । कहिलेकाहीं रगत पनि आउन सक्छ । यी स्थितिमा यौन सम्बन्ध बनाउँदा महिलाहरुलाई पीडा हुन्छ । पीडादायक स्थितिमा पनि सम्बन्ध बनाइराख्दा पीडा धेरै बढेर ‘ट्रमा’ नै हुने हुन्छ । यस्तो अवस्थामा धेरै सेतो पानी बग्ने समस्या हुन सक्छ । कालान्तरमा बच्चा बस्न नै गाह्रो हुने पनि हुन्छ ।

**असुरक्षित यौनले संक्रमण**

महिलाहरूमा देखिने धेरै प्रजनन् समस्या असुरक्षित यौन सम्पर्कका कारण नै हुने गर्छ । असुरक्षित यौन सम्बन्ध बनाउँदा त्यो संक्रमण पाठेघरमा र पाठेघरको ट्युबसम्म पनि पुग्छ । पाठेघरसम्म संक्रमण पुगेपछि पीडा अरु बढ्ने र पाठेघरसम्बन्धी अन्य समस्या पनि देखा पर्न सक्छ । असुरक्षित यौनका कारण पार्टनरमा संक्रमण सर्ने सम्भावना हुन्छ । **समाधान के त ?** सबैभन्दा पहिले त के कारणले यौन सम्बन्धका क्रममा पीडा भएको हो त्यो कारण पत्ता लगाएर त्यसको उपचार गर्नुपर्छ । त्यसैले वर्षमा एकपटक महिलाले आफ्नो प्रजनन् अंगको जाँच गर्नुपर्छ । संक्रमण नहोस् भनेर सुरक्षित सम्बन्ध बनाउनुपर्छ । कण्डमको प्रयोग सबैभन्दा उपयोगी हुन सक्छ । यौन पीडा अत्यधिक र सधैं भएमा चिकित्सकको सल्लाह आवश्यक हुन्छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# अन्तिम अधिकारको लडाइँमा एकजुट हुने - संघीय लोकतान्त्रिक मोर्चा

*जनकपुर,२१ भदौ ।*

संघीय लोकतान्त्रिक मोर्चाले सुरु गरेको वर्तमान राजनीतिक अवस्था-जन जागरण अभियान शुक्रबार जनकपुरधाममा सम्पन्न भएको छ । कार्यक्रममा मोर्चामा आवद्ध तराई-मधेस केन्द्रित छ दलका नेताहरूले अधिकार प्राप्तिको अन्तिम लडाईमा एकजुट हुनुपर्नेमा जोड दिए । कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले मधेस आन्दोलनका बेला भएका ८ बुँदे र २२ बुँदे सम्झौतालाई बेवास्ता गरेर संविधान पारित गरिएको आरोप लगाए । उनले भने, "संविधानले सबै नेपालीको अधिकार समेटे मात्र नेपाल सबै नेपालीको हुन्छ । मधेसी, आदिवासी, जनजाति र थारु मिलेर फेरि एक पटक अधिकारका लागि अन्तिम लडाइँ लड्नुपर्छ ।" त्यसैगरी, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले लोकतान्त्रिक राजनीति पार्टी विभाजन र टुटफुटसँग सामान्यतया जोडिएको भए पनि मधेसका



जनताको हक अधिकारमा भने सबै दलहरूको आवाज एउटै रहेको स्पष्ट पारे । उनले सत्तापक्षका नेताहरूलाई स्रोत-साधनको सही उपयोग गरेर जनताको आवश्यकता पूरा गर्न आग्रह गरे । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले साना-साना पार्टीहरूले अलग-अलग भएर कुनै उपलब्धि हासिल गर्न नसक्ने बताए । उनले सम्पूर्ण मधेसवादी दललाई एउटै मोर्चामा भेला भएर अधिकारको लडाइँ लड्नुपर्नेमा जोड दिँदै भूमि विधेयकलाई मधेस र मधेसी जनताको एकतालाई कमजोर पार्ने षड्यन्त्रको रूपमा चित्रित गरे । यादवले भने, "सरकारले भूमि विधेयकमार्फत मधेस प्रदेशका चुरे, वनजंगल र जमिनमा अन्य भेगका नागरिकलाई बसालेर मधेसी एकतालाई तोड्ने योजना बनाएको छ ।

यो विधेयक कुनै हालतमा पास हुन दिनु हुँदैन ।"कार्यक्रममा सहभागी नेताहरूले लोकतान्त्रिक अधिकार, समानता र संविधानमा सुनिश्चित हकका लागि संयुक्त आन्दोलन आवश्यक रहेको धारणा व्यक्त गरे ।

# अझै ६१ स्थानीय तहले चालु आर्थिक वर्षको बजेट ल्याएनन्

*काठमाडौं,२१ भदौ ।*

हालसम्म ६१ स्थानीय तहले चालु आर्थिक वर्षका बजेट सार्वजनिक गर्न सकेका छैनन् । नियमानुसार गत असार १० गते स्थानीय तहको बजेट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार कुल ७५३ स्थानीय तहमध्ये ६९२ स्थानीय तहले हालसम्म बजेट सार्वजनिक गरी कार्यान्वयन गरेका छन् । बजेट पेस नभएका स्थानीय तहको सङ्ख्या ६१ वटा छन् । सो मन्त्रालयका अनुसार कोशी प्रदेशका पाँच, मधेस प्रदेशका ४०, बागमती प्रदेशका पाँच स्थानीय तहले हालसम्म बजेट प्रस्तुत गरेका छैनन् । राजनीतिक विवाद र स्थानीय समस्याका कारण ती स्थानीय तहले बजेट प्रस्तुत गर्न नसकेको पाइएको छ । गण्डकी प्रदेशका सबै स्थानीय तहले बजेट ल्याउँदा, लुम्बिनी प्रदेशका सात, कर्णाली प्रदेशका तीन र सुदूरपश्चिम प्रदेशको एक स्थानीय तहले बजेट ल्याएका छैनन् । भोजपुरको साल्पासिलिछो गाउँपालिका, इटहरी उपमहानगरपालिका, धरान उपमहानगरपालिका,मोरङको सुनवर्षी नगरपालिका र ओखलढुंगाको सुनकोशी गाउँपालिकाले हालसम्म बजेट सार्वजनिक गर्न सकेका छैनन् । मधेस प्रदेश अन्तर्गत




सप्तरीका मात्रै पाँच स्थानीय तहले बजेट ल्याएका छैनन् । सिरहाका तीन, धनुषाको १०, महोत्तरी एक, सर्लाहीको पाँच, रौतहटको पाँच, बाराको पाँच र पर्साका पाँच स्थानीय तहले बजेट ल्याएका छैनन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरणअनुसार बागमती प्रदेश अन्तर्गत सिन्धुलीको हरि हरपुरगढी गाउँपालिका, दोलखाको बिगु, धादिङको खनियाबास र गल्छी गाउँपालिकाले बजेट ल्याएका छैनन् । काठमाडौं महानगरपालिकाले यसअघि नै बजेट प्रस्तुत गरिसकेको भए पनि मन्त्रालयको विवरणमा उल्लेख नभएको देखिन्छ । लुम्बिनी प्रदेशको नवलपरासीको पाल्हीनन्दन गाउँपालिका र प्रतापपुर गाउँपालिका, रुपन्देहीको कोटहीमाई गाउँपालिका र सम्मरीमाई गाउँपालिका, कपिलवस्तुको शुद्धोधन गाउँपालिका, दाङको तुल्सीपुर उपमहानगरपालिका र लहमी नगरपालिकाको बजेट सार्वजनिक भएको छैन । कर्णाली प्रदेशको सल्यान जिल्लाको कुमाख, छत्रेश्वरी र दार्मा गाउँपालिकाले बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ । यस्तै, सुदूरपश्चिम प्रदेशको टिकापुर नगरपालिकाले बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ । संवैधानिक व्यवस्थाअनुसार हरेक वर्षको जेठ १५ गते संघीय सरकारले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा बजेट प्रस्तुत हुन्छ । यस्तै, असार १ गते प्रदेश सरकारको र असार १० गते स्थानीय तहले बजेट प्रस्तुत गर्ने व्यवस्था छ ।

# आलोचना सहन नसकेर इगोका कारण सामाजिक सञ्जाल बन्द गरियो : मनिष झा

*काठमाडौं,२१ भदौ ।*

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद तथा प्रवक्ता मनिष झाले सामाजिक सञ्जालमा भएको आलोचना सहन नसक्नु र इगोका कारण नेपालमा सूचिकृत नभएका सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाइएको बताएका छन् । शनिबार ललितपुरमा आयोजित आर्टिफिसियल इन्टेलिजेन्स सम्बन्धी दोस्रो राष्ट्रिय सम्मेलनमा बोल्दै झाले भने, "सर्वोच्च अदालतले सामाजिक सञ्जाल बन्द नगरी नियमन गर्ने आदेश दिएको थियो, तर सरकारले इगोका आधारमा बन्द गरेको छ । यसले राजनीतिक, सामाजिक, आर्थिक र अपराध अनुसन्धानमा नकारात्मक प्रभाव पार्छ ।" उनले सामाजिक सञ्जाल बन्दको अर्को कारणको रूपमा पार्टी उपसभापति स्वर्णिम




वाग्लेको डिपफेक भिडियो बनेपछि अनुसन्धान जटिल भएको भन्दै पनि सरकारको निर्णयको आलोचना गरेका छन् । झाका अनुसार ख्एल प्रयोग गरेर अपराध हुने अवस्था अझ जटिल हुने देखिन्छ । साथै, झाले भने, "सामाजिक सञ्जालले व्यक्तिको भावना अभिव्यक्त गर्ने माध्यम प्रदान गर्छ । यदि सरकारको कामको असन्तुष्टिले प्रयोगकर्ताहरू सडकमा प्रदर्शन गर्न आए भने व्यवस्थापन चुनौतीपूर्ण हुनेछ ।" सम्मेलनमा सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यतामा राष्ट्रिय तथा अन्तर ाष्ट्रिय विशेषज्ञहरू र १०० भन्दा बढी प्रतिनिधिहरू सहभागी थिए ।

# जनकपुरमा विद्यार्थीको अश्लील गतिविधि नियन्त्रण गर्न हिसानको आग्रह

*जनकपुर,२१ भदौ ।*

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) जनकपुरले विद्यार्थीबीच बढ्दो विकृति नियन्त्रण गर्न सरोकारवालाको ध्यानाकर्षण गराएको छ । हिसानले आइतवार उद्योग वाणिज्य संघ र होटल व्यवसायीलाई ज्ञापनपत्र बुझाउँदै विद्यार्थीबाट हुने अश्लील तथा असामाजिक गतिविधि रोक्न पहल गर्न आग्रह गरेको हो । ज्ञापनपत्रमा विद्यालय र क्याम्पसमा अध्ययनरत केही विद्यार्थीले ड्रेसमै पसलमा पुगेर चुरोट, खैनी, गुट्खा जस्ता स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु सेवन गर्ने, जन्मदिनको बहानामा होटलमा फजुल खर्च गर्ने, अश्लील टिकटक वा भिडियो बनाउने, र कोठा भाडामा लिएर अश्लील गतिविधि गर्ने प्रवृत्ति बढ्दो देखिएको उल्लेख



छ । "यस्ता गतिविधिले शैक्षिक संस्था र अभिभावकको प्रतिष्ठामा समेत आघात पुगेको छ," हिसान जनकपुरका अध्यक्ष संजिवकुमार ठाकुरले बताए । उनका अनुसार, २०८२ साउन १६ गते बसेको बैठकमा सबै शैक्षिक संस्थाले यसबारे पहल गर्ने निर्णय भएअनुसार नै यो ज्ञापनपत्र बुझाइएको हो । हिसानले विद्यार्थीलाई प्रतिबन्धित सामग्री नबेच्न पसल तथा व्यवसायीलाई कडा निर्देशन दिनुपर्नेमा जोड दिएको छ । उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीलाई बुझाइएको ज्ञापनपत्रमार्फत होटल तथा व्यापारिक क्षेत्रमा पनि यसबारे सहयोगी वातावरण बनाउन आग्रह गरिएको छ ।

# सिरहामा डोम परिवारमाथि कुटपिट, आरोपित अझै फरार

*जनकपुर,२१ भदौ ।*

सिरहाको सुखीपुर नगरपालिका-१० विश्वकर्मा चोकमा बसोबास गर्दै आएका डोम समुदायका गणपति मल्लिकको परिवारमाथि भएको कुटपिट प्रकरणमा संलग्न व्यक्तिहरू अहिलेसम्म पक्राउ परेका छैनन् । १५ वर्षदेखि गागन खोलाको किनारमा सार्वजनिक जग्गामा बस्दै आएको गणपति मल्लिकको परिवारलाई छिमेकीहरूले "अछूतले बस्तीमा बस्दा अशुभ हुन्छ" भन्दै पटक-पटक धम्की दिँदै आएका थिए । धम्की नमानेपछि बुधवार बिहान गणपतिमाथि सामूहिक आक्रमण गरिएको हो । कुटपिटबाट गणपतिकी ५० वर्षीया पत्नी सुमित्रा मल्लिक गम्भीर घाइते भएकी छिन् भने छोरीज्वाइँ सञ्जय मल्लिक समेत घाइते भएका छन् । घटनामा स्थानीय सहदेव महतो, सुकदेव महतो, नागेन्द्र महतो, दुखरन महतो, श्यामसुन्दर महतोलगायत संलग्न रहेको पीडित पक्षको दावी छ । घटनापछि पीडितले जिल्ला प्रहरी कार्यालय, सिरहा र इलाका प्रहरी कार्यालय, महेशपुर पतारमा उजुरी दिएका छन् । भेदभाव तथा जातीय छुवाछूतसम्बन्धी कसुरमा पाँच जनाविरुद्ध किटानी जाहेरी दर्ता

बाँकी तेश्रो पृष्ठमा

# सामाजिक सञ्जाल निष्कृय हुँदा सरकारी सेवामा असर

*काठमाडौं,२१ भदौ ।*

सामाजिक सञ्जाल निष्कृय हुँदा सरकारी कार्यालयका कतिपय सेवा प्रभावित भएका छन् । सरकारी कार्यालयहरूले आम नागरि कसँग सूचना आदान-प्रदान, गुनासो सुन्न र प्रतिक्रिया लिन फेसबुक, टि्वटर, ह्वाट्सएप, यूट्युब, भाइवर जस्ता सामाजिक सञ्जाल प्रयोग गर्दै आएका थिए । तर सूचीकृत नभएका सामाजिक सञ्जाल निष्कृय भएपछि ती सेवाहरूमा समस्या आएको हो । संघीय संसद र प्रदेश सभाका बैठकहरू यूट्युबमार्फत प्रत्यक्ष प्रशारण हुँदै आएका थिए । यूट्युब निष्कृय हुँदा प्रत्यक्ष प्रसारणमा समस्या देखा परेको छ । सभामुख देवराज घिमिरेले समाधान खोजिरहेको बताएका छन् । प्रधानमन्त्री कार्यालयबाट सञ्चालित 'हेलो सरकार' कार्यक्रम फेसबुक, टि्वटर र ह्वाट्सएपमार्फत नागरिक गुनासो सुन्दै आएको थियो । स्वास्थ्य मन्त्रालय, मौसम पूर्वानुमान, प्रहरी र यातायात कार्यालयले पनि सामाजिक सञ्जालमार्फत सूचना पुऱ्याउँदै आएका थिए । यी सबै सेवामा असर परेको छ ।

# मधेशलाई औद्योगिक कोरिडोर बनाउन पहिलो अन्तर्राष्ट्रिय औद्योगिक एक्स्पो २०२५ जनकपुरधाममा

*जनकपुर,२१ भदौ ।*

मधेशलाई औद्योगिक कोरिडोरको रूपमा स्थापित गर्ने लक्ष्यसहित पहिलो अन्तर्राष्ट्रिय औद्योगिक एक्स्पो २०२५ जनकपुरधाममा आयोजना हुने भएको छ । उद्योग परिसंघ मधेश प्रदेश, सिया इभेन्ट्स र ग्लोब टेक इन्डियाको संयुक्त आयोजनामा कात्तिक २७ देखि ३० गतेसम्म तिरहुतिया गाछीमा एक्स्पो हुने बताइएको छ । प्रदर्शनीमा उद्योग, कृषि र अटो एक्स्पो प्रमुख आकर्षणको




केन्द्र हुनेछन् । उद्योग परिसंघ मधेश प्रदेशका अध्यक्ष प्रमोद साहका अनुसार, एक्स्पोले उद्योगीहरूसँग जोडिन अवसर दिने मात्र नभई आवश्यक सिप, नवप्रवर्तन र

बाँकी तेश्रो पृष्ठमा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध विच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा